# नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४

*नगरसभाबाट स्विकृत मिति :— २०७४/१०/०६*

## खैरहनी नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्नको निमित्त बनेको ऐन

नगरपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्नको निमित्त नगरपालिकाको विभिन्न सवाल तथा अरु कानूनको सट्टा नयाँ नियमहरु तयार गर्न आवश्यक भएकोले नेपालको संविधानको अनुसूची– ८ बमोजिमका एकल अधिकारको सूची तथा अनुसूची– ९ बमोजिमका साझा अधिकारका सूचीको साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार नगरपालिकाको क्षेत्राधिकारका बिषयका सम्बन्धमा आवश्यक नियम, विनियम, निर्देशिका तथा कार्यविधि बनाउनको निमित्त खैरहनी नगरपाकिाको दोस्रो नगरसभाले यो ऐन जारी गरेको छ।

(१) **संक्षिप्त नाम , विस्तार र प्रारम्भ** :

(१) यो ऐनको नाम "**नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन** २०७४" रहेको छ।

(२) यो ऐन खैरहनी नगरपाकिाका क्षेत्र भरमा तुरुन्त लागु हुनेछ।

(२) **नियम बनाउने खैरहनी नगरपालिकाको अधिकार** : (१) नेपालको संविधानको अनुसूची– ८ बमोजिमका एकल अधिकारको सूची तथा अनुसूची– ९ बमोजिमका साझा अधिकारका सूचीका सम्बन्धमा तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसारका स्थानीय तहका अधिकार कार्यान्वयन गर्नको लागि नगरपालिकाबाट गरिने सबै किसिमका प्रशासकीय कार्यहरुलाई नियमित गर्नको निमित्त खैरहनी नगरपालिकाले आवश्यक नियम, विनियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ।

(२) उपदफा (१) अन्तरगत बनाईएका नियमहरुले प्रशासकिय कार्यविधि सम्बन्धी नगरपालिकाका कानूनहरु खारेज गर्न, आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।